Regd. No. 126624/071/072

# SAHAS URJA Ltd.

KMC-1, Hattisar, Kathmandu, Nepal

Ref. No. २५२/०८२/८३

मिति: २०८२।१२।१७

श्री कार्यालय प्रमुख ज्यू,
नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरवार, काठमाडौ ।

विषय: हकप्रद शेयर जारी गर्न विद्युत नियमन आयोगबाट पूर्व अनुमती प्राप्त भएको सम्वन्धमा ।

महोदय,

जलविद्युत कम्पनीहरुले हकप्रद शेयर जारी गर्नको लागि विद्युत नियमन आयोगबाट पूर्व अनुमती प्राप्त गर्नु पर्ने व्यवस्था बमोजिम आयोगमा निवेदन गरेकोमा मिति २०८२।१२।१७ गते चलानी नं.९६६ बाट हकप्रद शेयर जारी गर्न पूर्व अनुमती प्राप्त भएको व्यहोरा तहाँको जानकारीको लागि अनुरोध गर्दछु ।

साथै विद्युत नियमन आयोगको मिति २०८२।१२।१७ को च.नं. ९६६ को पत्र संलग्न छ ।

निवेदक

दिनेश कुमार रोक्का
कम्पनी सचिव

# विद्युत् नियमन आयोग

(विद्युत् नियमन आयोग ऐन, २०७४ बमोजिम स्थापित स्वायत नियमनकारी निकाय)

पत्र संख्या: २०८२/०८३
चलानी नं: ९६६

मितिः २०८२/१२/१७
नेपाल संवत: ११४६

श्री साहस ऊर्जा लिमिटेड,
हात्तिसार, काठमाडौं।
सम्पर्क नं:९८५११४०८८५

**विषयः हकप्रद शेयर निष्कासन गर्न पूर्व-स्वीकृति प्रदान गरिएको सम्बन्धमा।**

प्रस्तुत विषयमा तहाँ कम्पनीबाट बोनस शेयर वितरण पश्चात कायम भएको चुक्ता पूँजी रु. ४,५७,३८,००,०००/- को १:१ अनुपातले हुन आउने पूँजी रु. ४,५७,३८,००,०००/- बराबरको हकप्रद शेयर निष्कासनको पुर्व-स्वीकृतिका लागि मिति २०८२/१२/०९ पेश भएको निवेदन सम्बन्धमा आयोगको मिति २०८२/१२/१२ को ३०४ औ बैठकमा छलफल हुँदा A.O. & Associates द्वारा UDIN 260319CA014579HRrv सहित मिति २०८२/१२/०५ मा पेश गरेको Certification of Expenditure and Financial Progress of Times Energy Pvt. Ltd. मा रु. १,३९,५२,२७,४२८.१४ Cash, Bank Balance and Bank Margin अन्तर्गत देखिएकोमा सो रकमलाई टाइम्स इनर्जी प्रा.लि.द्वारा प्रवर्धित बुढीगण्डकी जलविद्युत आयोजना (३४०.४२३ मे.वा.) को निर्माण कार्यमा मात्रै उपयोग गर्नु पर्ने सर्तमा तथा तपशिलका सर्त बोनस शेयर वितरण पश्चात कायम भएको चुक्ता पूँजी रु. ४,५७,३८,००,०००/- को १:१ अनुपातले हुन आउने पूँजी रु. ४,५७,३८,००,०००/- बराबरको हकप्रद शेयर निष्कासन गरी टाइम्स इनर्जी प्रा.लि. द्वारा प्रवर्धित बुढीगण्डकी जलविद्युत आयोजना (३४०.४२३ मे.वा.) मा लगानी गर्न पूर्व-स्वीकृति प्रदान गर्ने निर्णय भएको व्यहोरा आयोगको मिति २०८२/१२/१२ को ३०४ औ बैठकको निर्णयानुसार अनुरोध छ।

**सर्तहरू:**

१. *हकप्रद शेयरको निष्कासनबाट प्राप्त भएको रकम टाइम्स इनर्जी प्रा.लिद्वारा प्रवर्धित बुढीगण्डकी जलविद्युत आयोजना (३४०.४२३ मे.वा.) मा लगानी गर्ने प्रयोजनमा प्रयोग गरी सो को पन्ध्र दिनभित्र पुष्टि हुने कागजात सहित आयोगमा जानकारी गराउनुपर्नेछ।*
२. *A.O. & Associates द्वारा UDIN 260319CA014579HRrv सहित मिति २०८२/१२/०५ मा पेश गरेको Certification of Expenditure and Financial Progress of Times Energy Pvt. Ltd. मा रु. १,३९,५२,२७,४२८.१४ Cash, Bank Balance and Bank Margin अन्तर्गत देखिएकोमा सो रकमलाई टाइम्स इनर्जी प्रा.लिद्वारा प्रवर्धित बुढीगण्डकी जलविद्युत आयोजना (३४०.४२३ मे.वा.) को निर्माण कार्यमा मात्रै उपयोग गर्नु पर्नेछ।*
३. *प्रचलित कानुन बमोजिम अनुमतिपत्र जारी गर्ने तह तथा अन्य तहबाट सहमति लिनुपर्ने भएमा सो लिई आयोगलाई जानकारी गराउनु पर्नेछ।*

**विद्युत नियमन आयोग**
काठमाडौं, नेपाल
इमेल: info@erc.gov.np | वेबसाइट: www.erc.gov.np
फोन: +९७७-१-४५२२४४२, ४५३९००४, ४५४३३९० | फ्याक्स : +९७७-१-४४३२५८२

# विद्युत् नियमन आयोग

(विद्युत् नियमन आयोग ऐन, २०७४ बमोजिम स्थापित स्वायत नियमनकारी निकाय)

४. प्रचलित कानुन बमोजिम लाभकर लगायत अन्य कर बुझाउनुपर्ने भएमा सम्बन्धित तहमा सो कर बुझाउनुपर्नेछ ।

५. तहाँ अन्तर्गतका शेयरधनीहरूमध्ये कुनै शेयरधनी विद्युत् सम्बन्धी आयोजना बनाई नेप्सेमा सूचीकृत कम्पनी भएमा हकप्रद शेयर जारी गरी लगानी गर्ने भएमा आयोगको पूर्वस्वीकृति लिनुपर्नेछ ।

६. आयोगले ऐन, नियमावली, विनियमावली र निर्देशिका मापदण्ड, संहिता तथा संस्थागत सुशासन सम्बन्धी निर्देशन बमोजिम कार्यान्वयन गर्न र निर्दिष्ट विषय सम्पादन गर्न समय समयमा आदेश वा परिपत्र जारी गर्दा सोको परिपालना कम्पनीले गर्नुपर्नेछ।

७. हकप्रद शेयरको निष्कासन गर्दा प्रथम चरणमा निश्चित समय तोकी संस्थापक शेयरधनीका लागि शेयर निष्कासन गर्नु पर्नेछ। सो बमोजिम संस्थापक शेयरधनीले चुक्ता गर्नु पर्ने कुल रकम र सो रकम चुक्ता गरे नगरेको व्यहोरा खुलाईएको विवरण समेत प्रकाशन गरी दोस्रो चरणमा सर्वसाधारणको लागि हकप्रद शेयरको निष्कासन गर्नु पर्नेछ।

८. अनुमतिपत्र प्राप्त कम्पनीले शेयरको सार्वजनिक निष्कासन गर्दा प्रकाशन गरिने विवरणपत्रमा धितोपत्रसम्बन्धी प्रचलित कानुन बमोजिमका विवरणको अतिरिक्त विद्युत् सम्बन्धी कम्पनीको शेयरको सार्वजनिक निष्कासनको पूर्वस्वीकृति तथा नियमन सम्बन्धी निर्देशिका, २०७८ को दफा १६ बमोजिमको विवरण समेत समावेश गर्नु पर्नेछ। उक्त विवरण पत्रमा आयोगबाट स्वीकृत भए बमोजिम टाइम्स इनर्जी प्रा.लिद्वारा प्रवर्धित बुढीगण्डकी जलविद्युत आयोजनामा लगानी गर्ने प्रयोजनका लागि हकप्रद शेयरको निष्कासनको पूर्वस्वीकृति प्राप्त भएको समेत स्पष्ट रूपले खुलाई समावेश गर्नु पर्ने छ।

९. कम्पनीको साख निर्धारण (क्रेडिट रेटिंग) प्राप्त भएको १५ दिन भित्र आयोगमा पेश गर्नुपर्नेछ ।

विशाल श्रेष्ठ
(इन्जिनियर)

**बोधार्थ:**

श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर।

**विद्युत नियमन आयोग**
काठमाडौं, नेपाल
इमेल: info@erc.gov.np | वेबसाइट: www.erc.gov.np
फोन: +९७७-१-४५२२४४२, ४५३९००४, ४५४३३९० | फ्याक्स : +९७७-१-४४३२५८२